| कार्यविधि नं. | ०२ |
|---|---|

# माण्डवी गाउँपालिका बासिहरुका लागि २० युनिट वा रु.९० सम्म विद्धुत महशुल छुट कार्यक्रम कार्यविधि, २०७८

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०७८/०३/१८ |
|---|---|

## माण्डवी गाउँपालिका
## प्यूठान जिल्ला
## लुम्बिनी प्रदेश

**माण्डवीबासिहरुका लागि २० युनिट वा रु.९० सम्म विद्धुत महशुल छुट कार्यक्रम कार्यविधि, २०७८**

माण्डवी गाउँपालिकाका आम नागरिकलाई विद्युतको सहज र सरल पहुँच स्थापित गर्नु स्थानीय सरकारको कर्तव्य हो । विद्युतियकरणको विस्तार र विकास मार्फत जनतालाई घर/ घरमा विजुली वत्ति पुर्याइ उज्यालो माण्डवी गराउने अभियानमा गाउँपालिका रहेको छ । जनताको दैनिक जिवनमा उर्जाको महत्वपुर्ण भूमिका हुन्छ ।उर्जा विना आधुनिक युगमा मानिस प्रविधि मैत्री बन्न सक्दैन जव प्रविधिको ज्ञान हुँदैन तव व्यक्ती प्रतिस्प्रधामा आउन सक्दैन जसका कारण रोजगारी र अवसरबाट वन्चितमा परि गरिविको दुसचक्रमा व्यक्ती पर्दछ । गाउँपालिकाका सम्पुर्ण नागरिकलाई विद्युत महशुलमा छुट दिने गरि वार्षिक नीति तथा कार्यक्रम गाउँपालिकाले वनाएको छ । उक्त नीति तथा कार्यक्रम मार्फत सम्पुर्ण माण्डवी वासिलाई न्युन विद्युत महशुल तिर्न पनि कठिन भएका नागरिकलाई महत्वपुर्ण सहयोग पुग्नेछ भने अन्य व्यक्तीहरुको घरमा समेत गाउँपालिकाको उपस्थितीले गाउँवासिले गाउँपालिका प्रति सकारात्मक भाव पैद गर्नेछ । नागरिक प्रति स्थानीय सरकारलाई उत्तरदायी बनाउन र नागरिकलाई स्थानीय सरकार प्रति अपनत्व भाव वृद्धि गर्न सम्पुर्ण माण्डवी वासिलाई न्युनतम २० युनिट भन्दा कम महशुल गाउँपालिकाले तिर्न बांछनिय भएकाले यो कानुन बनाई लागु गरिएको छ ।

१. यो कार्य विधी कार्यपालिकाबाट पास भएपछि लागु हुनेछ ।

२. कार्यविधिको नामः २० युनिट सम्म विद्युत महशुल छुट सम्वन्धि कार्यविधि २०७८ बुझिन्छ ।

३. स्थानीय सरकार भन्नाले :- माण्डवी गाउँपालिका भन्ने बुझिन्छ ।

४. वि.पि.सि भन्नले :- बुटवल पावर कम्पनी लि. दारिमचौर,प्यूठानलाई सम्झनु पर्दछ ।

५. ग्राहक भन्नालेः- वुटवल पावर कम्पनी लि.संग मिटर बक्स जडान गरि ग्राहक संकेत नं. प्राप्त गरेको व्यक्ती सम्झनु पर्दछ ।

६. न्युनतम शुल्क भन्नालेः- २० युनिट र २० युनिट भन्दा तलको जतिसुकै युनिट अंकलाई पनि बुझिनेछ ।

७. कार्यक्रमको उद्देश्य

- ❖ प्रत्येक माण्डवी वासीलाई विद्युत पहुँचमा पुर्याउनु
- ❖ गरिब/असाहयलाई विद्युत महशुल स्थानीय सरकारले तिरी विद्युत जडानमा उत्प्रेरित गर्नु ।
- ❖ स्थानीय सरकारप्रति माण्डवी वासीको अपनत्व अभिवृद्धि गर्नु

- ❖ गाउँवासि धनि वा गरिव जो भएतापनि समानताका आधारमा विद्युत महशुल तिरीदिई सामाजीक न्याय कायम गर्नु
- ❖ उर्जाको प्रयोगमा ग्राहककहरुलाई उत्पेरित गरि बढि भन्दा बढि उर्जा खपतमा जोड दिनु
- ❖ सम्पुर्ण गाउँवासिको घर-घरमा स्थानीय सरकारको उपस्थिती स्थापित गर्न
- ❖ ग्राहककहरुलाई विद्युत महशुल तिर्दा हुने हैरानी र कष्ठलाई कमि ल्याउनु

**<u>लाभग्राहिहरुको छनौट र प्रकार</u>**

माण्डवी गाउँपालिकामा विद्युत पहुँचमा पुगेका ग्राहककहरुको अन्तिम नामावली वुटवल पावर कम्पनिबाट गाउँपालिकाले प्राप्त गर्नेछ मासिक रुपमा जडान गर्ने र छुटाउने विद्युतका कारण सो संख्या मासिक रुपमा घडबढ हुने देखिन्छ । विद्युत जडान गरेका विभिन्न प्रकृतिका ग्राहककहरु देखिन्छन् ।

१. ५ AMP को मिटर जडान गरि २० युनिट सम्म विद्युत खपत गर्ने ग्राहककहरु

२. १५AMP को मिटर जडान गरि २० युनिट सम्म र सो भन्दा बढी विद्युत खपत गर्ने ग्राहक

३. Cut Out System मार्फत ५० Watt र १०० Watt सम्मको विद्युत खपत गर्ने ग्राहककहरु

४. Cut Out System मार्फत १०० Watt भन्दा बढि विद्युत खपत गर्ने ग्राहककहरु

५. विभिन्न उद्योग, कलकारखानामा १५ AMP भन्दा माथि विद्युत मिटर जडान गरेका उद्योग, कलकारखानाहरु

६. विभिन्न सिंचाई आयोजना (लिफ्ट सिंचाई) आयोजनाहरुले मिटरबक्स जडान गरेका ग्राहककहरु

७.विभिन्न खानेपानी निर्माण संरचना र आयोजनाहरुमा विद्युत जडान गरेका ग्राहककहरु

**<u>महशुल छुट पाउने ग्राहककहरु</u>**

- ❖ माण्डवी गाउँपालिका वासि हुनुपर्नेछ ।
- ❖ वुटवल पावर कम्पनीबाट अनिवार्य रुपमा विद्युत मिटर जडान गरि ग्राकह संकेत नम्बर प्राप्त गरेको हुनुपर्नेछ ।
- ❖ माण्डवी गाउँपालिकामा वसोवास गर्ने र विद्युत मिटरवक्स जडान गरेका सम्पुर्ण माण्डवी वासि हुनेपर्नेछ ।
- ❖ ५AMP को MCB जडान गरि मासिक न्युनतम २० युनिट सम्म खपत गर्ने ग्राहककहरुको सम्पुर्ण विद्युत महशुल गाउँपालिकाले तिर्नेछ ।
- ❖ १५AMP को MCB जडान गरि गरि मासिक न्युनतम २० युनिट सम्म खपत गर्ने ग्राहककहरुको सम्पुर्ण विद्युत महशुल गाउँपालिकाले तिर्नेछ ।
- ❖ ५AMP वा ५AMP भन्दा बढि जडान गरि न्युनतम २० युनिट भन्दा बढि विद्युत खपत गर्ने ग्राहककहरुको न्युनतम २० युनिट सम्मको विद्युत महशुलमात्र गाउँपालिकाले तिरिदिनेछ ।

- मासिक २० युनिट भन्दा माथि विद्युत खपत गर्ने सम्पुर्ण ग्राहकहरुको महशुल स्वंय ग्राहकहरुले वुटवल पावर कम्पनीमा गएर तिर्नुपर्नेछ ।
- मासिक २० युनिट भन्दा बढि खपत गर्ने ग्राहककहरुको न्युनतम २० युनिट सम्मको विद्युत महशुल चौमासिक रुपमा ग्राहकहरुको खातामा गाउपालिकाले प्रत्यक्ष राखिदिनेछ ।
- Cut Out System मार्फत ५० Watt र १०० Watt सम्मको न्युनतम लागत महशुल रकम समेत गाउँपालिकाले ग्राहकहरुको नाममा वुटवल पावर कम्पनीमा विवरण प्राप्त भएपछि एकमुष्ठ तिरिदिनेछ ।
- माण्डवी गाउँबसिहरुका लागि २० युनिट वा ९०/- रुपैयाँ सम्म विद्युत महशुल छूट कार्यक्रम लागि माण्डवी गाउँपालिका, जस्पुर, प्यूठान र माण्डवी गाउँपालिका वडा नं. ३ दारिमचौर स्थित रहेको बुटवल पावर कम्पनि लिमिटेड, झिमरुक जलविद्युत केन्द्र विचको सम्झौता अनुसूची-१ मा उल्लेख भए अनुसार हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने अधिकार–** यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा गा पा कार्यपालिकाले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२. संशोधन गर्न सक्ने–** यस कार्यविधिमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महसुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

**माण्डवीबासीहरुका लागि २० युनिट सम्म विद्युत महसुल छुट कार्यक्रम संचालन गर्न  माण्डवी गाउँपालिका, प्यूठान र बुटवल पावर कम्पनि लिमिटेड, झिमरुक जलविद्युत केन्द्र, दारिमचौर, प्यूठान बीच गरिएको <u>सम्झौता-पत्र</u>**

माण्डवी गाउँपालिका, जस्पुर, प्यूठान (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) र प्यूठान जिल्ला माण्डवी गाउँपालिका वडा नं. ३, दारिमचौर स्थित रहेको श्री बुटवल पावर कम्पनि, झिमरुक जलविद्युत केन्द्र (जसलाई यस पछि दोश्रो पक्ष भनिने छ) दुबै पक्ष बीच मिति २०७८/०४/०१ मा गाउँपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आ.व. २०७८/०७९ को लागि माण्डवी गाउँपालिका बासीहरुका लागि २० युनिट वा ९०/- रुपैयाँ सम्म विद्युत महसुल छुट कार्यक्रमका लागि निम्न शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरि दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा सही गरी दियौं, लियौं ।

१. यो सम्झौता ५ र १५ एम्पियर मिटर तथा कटआउट ग्राहस्थ ग्राहकहरु ९०/- रुपैयाँ सम्म भुक्तानी गर्नेहरुलाई मात्र लागु हुने छ ।

२. माण्डवी गाउँपालिका अन्तर्गतका सम्पुर्ण ग्राहकहरुको नामावली, विद्युत खपत युनिट र मासिक तिर्नुपर्ने रकमका बारेमा पहिलो पक्षलाई दोस्रो पक्षले प्रत्येक महिनाको ५ गते भित्र दिनु पर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई विद्युत महशुल वापतको अनुमानित रकम पेश्की स्वरूप नियमित हरेक तिन महिनाको अग्रिम भुक्तानी गर्नु पर्नेछ र दोश्रो पक्षले ५० र १०० वाट कटआउट ग्राहस्थ तथा २० युनिट सम्म खपत गर्ने मिटर ग्राहस्थ (रु.९०/- सम्म) ग्राहकहरुको महशुल रकमको हिसाब मिलान गरी विल भुक्तानी गर्ने महिनाको १० गते भित्र त्यसको विवरण दोश्रो पक्षले प्रथम पक्षलाई दिनु पर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक विद्युत महशुल भुक्तानी नगरेमा ग्राहक स्वयमले दोश्रो पक्षलाई विद्युत सम्बन्धिको नियमानुसार विद्युत महशुल भुक्तानी गर्नु पर्नेछ र सो को बारेमा प्रथम पक्ष स्वयम ग्राहकहरुलाई समयमा नै जानकारी गराउनु पर्नेछ ।

५. प्रथम पक्षले १० गते भित्र दोश्रो पक्षलाई विद्युत महशुल भुक्तानी नगरेमा विद्युत महशुल सम्बन्धिको नियमानुसार सम्बन्धित ग्राहकको बिलम्ब शुल्क समेत प्रथम पक्षले दोश्रो पक्षलाई दिनु पर्नेछ । यदि विद्युत महशुल बक्यौता रहन गई ग्राहकको विद्युत लाईन विच्छेदन गर्न परेमा सो को जवाफदेहि प्रथम पक्ष हुनेछ ।

६. प्रथम पक्षले विद्युत महशुल वापतको पेस्की रकम भुक्तानी गर्दा दोश्रो पक्षले तोकेको बैंक खातामा जम्मा गरी त्यसको भौचर दोश्रो पक्षलाई १० गते भित्र उपलब्ध गराउनु पर्नेछ ।

७. माण्डवी गाउँपालिका अन्तर्गत रहेका उद्योग, कल कारखाना, सिंचाई आयोजना खानेपानी आयोजनाहरुको हकमा पहिलो पक्षले कुनै भूक्तानी गर्ने छैन ।

८. कट आउट प्रणालीका १०० वाट भन्दा माथिका ग्राहस्थ र २० युनिट वा ९०/- रुपैयाँ भन्दा बढी विद्युत खपत गर्ने मिटर ग्राहस्थ ग्राहकहरुले स्वयम विद्युत महशुल भुक्तानी गर्नु पर्नेछ ।

९. मर्मत तथा सेवा शुल्कको रकम ग्राहकले सिधै दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।

१०. यो सम्झौता आ.व. २०७८/०७९ को असाढ महिना सम्मका लागि मात्र हुनेछ ।

**गाउँपालिकाको तर्फबाट(पहिलो पक्ष)**

हस्ताक्षर..............................

नाम : शिसिर रिजाल

पदः प्रमुख प्रशाकीय अधिकृत

मितिः

**बुटवल पावर कम्पनीको तर्फबाट (दोस्रो पक्ष)**

हस्ताक्षर...........................

नामः

पदः

मितिः

**<u>साक्षि</u>**

हस्ताक्षर.......................

नामः

पदः

कार्यालयको छापः

हस्ताक्षर....................

नामः

पदः

कार्यालयको छापः